सवारी चालकले मादक पदार्थ सेवन गरेको शङ्का लागेमा प्रहरीको निश्शुल्क टेलिफोन नं १०० र १०३ मा खबर गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



Parsa Marble & Tiles Pvt. Ltd.
Adarshnagar-10, Birgunj
(front of Panitanki Gate)
051-591592, 9811895095

❖ वर्ष ३५ ❖ २०७८ पुस ११ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 December 26 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १२०

## बारामा माछापालन अत्यधिक, मुनाफा थोरै

रामेश्वर मेहता, सिम्रौनगढ, १० पुस/

बारा जिल्लामा माछापालन अत्यधिक भएपनि मुनाफा थोरै हुने गरेको माछापालकहरूले बताएका छन् । माछापालक सिकन्दर साहले माछापालनमा विगत केही वर्षदेखि मुनाफामा वृद्धि नभएको तर सोको अनुपातमा माछालाई खुवाउने दाना (खरी)को मूल्य आकाशिएको, मजदूरी र क्षतिसमेतको गणना गर्दा खासै मुनाफा नहुने गरेको बताएका छन् ।

उनले समयमा माछापालनको लागि भुराको व्यवस्थापन हुन नसक्नु, खरीद गरेको भुराको गुणस्तरको ग्यारेन्टी नहुनु र बाढीमा माछा बग्नुका साथै बेलाबखत माछाहरू पोखरीमा मर्नेजस्ता घटनाले माछा व्यवसायीहरूलाई खासै मुनाफा नहुने गरेको बताए ।

पाँच वर्षअगाडि खरीको मूल्य प्रतिकिलो रु २८ थियो भने अहिले रु ५२ प्रतिकिलो पुगेको उनले बताए । माझीहरूले प्रत्येकपटक उत्पादित माछाबाट दश प्रतिशत लिने प्रथा यथावत् रहेको र व्यापारीहरूले पनि पाँच किलोमा डेढ किलो बढी (ढाल्टा) लिने गरेको साहले बताए ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यान्वयन एकाइ परियोजना सुपरजोनका कृषि अधिकृत दीपकुमार मित्रले बारा जिल्लामा बाह्रवटा ह्याचरी र एक हजार ६२५ वटा पोखरी रहेको जानकारी गराए । उनले बारा जिल्लाको सिम्रौनगढ, बोधवन, पचरौता र कोल्हवीमा सबैभन्दा बढी माछापालन हुने


देवताल झरोखर पोखरीमा माछा मार्दै माझीहरू । तस्वीरः प्रतीक

गरेको बताए ।

यी इलाकामध्ये सिम्रौनगढमा सबैभन्दा बढी प्राकृतिक पोखरी र ठूला पोखरी छन् । नेपालकै सबैभन्दा ठूलो ५२ बिघाको पोखरी सिम्रौनगढ नगरपालिका–९ कचोर्वा, बसवरियामा देवताल झरोखर पोखरी छ । सिम्रौनगढकै कङ्कालीमा सात बिघामा कङ्काली इसरा पोखरी छ । सिम्रौनगढ क्षेत्रमा २८ वटा प्राकृतिक पोखरी रहेको कृषि अधिकृत मित्रले बताए ।

प्राकृतिक पोखरीमा देवताल झरोखर, कङ्काली इसरा, हथैया, अमवा, इमलहिया, खुटवा, सबैया, पजनिया, सतुवहिया, खरसलवा, रजवाडा, महाराजलगायतका पोखरीहरू छन् । बारा जिल्लामा सबैभन्दा बढी सिम्रौनगढ क्षेत्रमा माछा उत्पादन हुन्छ । कृषि अधिकृत मित्रका अनुसार बारा जिल्लाभरि वार्षिक साढे सात मेट्रिक टन माछा उत्पादन हुने गरेको छ । बारा जिल्लामा उत्पादित माछा काठमाडौं, पोखरा, झापा, बिर्तामोड, मलेखु लगायतका क्षेत्रमा व्यापारीहरूले लैजाने गरेका छन् । प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यान्वयन एकाइ परियोजना सुपरजोनका पूर्वअध्यक्ष जालन्धर सिंहले बारामा माछा उत्पादन बढेसँगै चुनौती पनि बढिरहेको बताए । उनले बारा जिल्लामा रहेका १२ वटा ह्याचरीबाट जिल्लामा माछाका भुराको आवश्यकता पूरा नभएको र हेटौंडाबाट भुरा मगाउनुपर्ने बाध्यता रहेको बताए ।

यसैगरी, गुणस्तरीय दानाको कमी, आवश्यकता अनुसार प्राविधिक सहयोग उपलब्ध नहुनु, माछाको मूल्य नबढ्नु तर दाना, मजदूरी बढ्नु, बाढीले माछा बगाउनु र अज्ञात रोगको प्रकोपबाट माछा मर्नुजस्ता समस्याहरू झेल्दै आउनुपरेको बताए । नेपालमा कुल माछाको मागमध्ये पैंतीस प्रतिशत बारा जिल्लाबाट पूर्ति हुने गरेको पनि उनले बताए ।

अहिले बारा जिल्लामा पोखरीबाट माछा खरीद गर्दा व्यापारीहरूले भकुरा रु चार सय, इजरायल रु ३६०, बिगहेड २६०, सिल्भर र नैनी रु दुई सय प्रतिकिलोमा पाउने गरेका छन् । उनीहरूले यही मूल्यमा पचासदेखि सय रुपैयाँ थपेर बजारमा बिक्री गर्छन् । वार्षिक एउटा पोखरीबाट तीनपटक माछा मारिन्छ ।

## पिसफोर दलित फाउन्डेसन पर्सालाई राष्ट्रिय पुरस्कार

प्रस, वीरगंज, १० पुस/

सखुवाप्रसौनी गाउँपालिका वडा नं ५, महुवनमा दलित समुदायका युवाहरूले सञ्चालन गरेको पिसफोर दलित फाउन्डेशन नेपाल प्रदेश २ पर्सा, राष्ट्रिय पुरस्कारबाट सम्मानित भएको छ । नेपाल सरकारका पूर्वसचिव डा मानबहादुर विकले आमा र


तस्वीरः प्रतीक

बुबाको स्मरणमा १७ वर्षअघि स्थापना गरेको भीममाया स्मृति पुरस्कारबाट पिसफोर दलित फाउन्डेशन नेपाल प्रदेश २, पर्सालाई सम्मानित गरेको हो ।

पिसफोर दलित फाउन्डेशन नेपाल प्रदेश २, पर्साका अध्यक्ष तथा दलित सामाजिक अभियन्ता मनोज रामलाई रु ५० हजार राशिको पुरस्कार शनिवार काठमाडौंमा आयोजित कार्यक्रममा वाग्मती प्रदेशका प्रमुख तिलक परियारले प्रदान गरेका थिए । रामको नेतृत्वमा पिसफोर दलित फाउन्डेशन नेपाल, प्रदेश २, पर्साले मधेसका दलित बालबालिकाको लागि शिक्षामा महत्त्वपूर्ण योगदान पुर्‍याउँदै आएकोले यो वर्षको भीममाया स्मृति पुरस्कार प्रोत्साहनस्वरूप प्रदान गरिएको हो ।

विगतका वर्षदेखि पिसफोर दलित फाउन्डेशन नेपालले प्रदेश २ का मधेसी, दलित, बालबालिकाको शिक्षामा पहुँच, विद्यालय टिकाउ, गुणस्तरीय शिक्षा, दलित बालबालिकाको लागि निश्शुल्क ट्युसन कक्षा सञ्चालन गर्दै आएको छ । दलित समुदायको शिक्षामा पहुँच, दलित समुदाय सशक्तीकरण, दलित समुदायको लागि समानता तथा दलितको सामाजिक न्याय, राज्यमा पहुँच, दलित महिला सशक्तीकरण तथा दलित समुदायको आर्थिक समृद्धिका क्षेत्रमा कार्य गर्दै आएको कारण पुरस्कृत गरिएको हो । कार्यक्रममा डा विकद्वारा लिखित मान्छे र माटो कविता सङ्ग्रह–२ को लोकार्पण पनि गरिएको थियो ।

नेपाल साहित्य तथा संस्कृति प्रतिष्ठानका अध्यक्ष रणेन्द्र बराइलीको अध्यक्षतामा भएको कार्यक्रममा राजदूत पद्म सुन्दास, गोविन्द नेपाली, मोतीलाल नेपालीलगायतको सहभागिता थियो ।

कार्यक्रमको सञ्चालन नेपाल दलित साहित्य तथा संस्कृति प्रतिष्ठानका महासचिव सरोजदिलु विश्वकर्माले गरेका थिए ।

## प्रदेश २ का सबै पदाधिकारीमा देउवा प्यानल विजयी

प्रस, जनकपुरधाम, १० पुस/

नेपाली काङ्ग्रेसको प्रदेश समितिका सबै पदाधिकारीमा देउवा प्यानल विजयी भएका छन् । जनकपुरमा जारी नेपाली काङ्ग्रेस प्रदेश २ को प्रथम अधिवेशन अन्तर्गत भएको चुनावमा सभापतिसहित सबै पदाधिकारीमा केन्द्रीय सभापति शेरबहादुर देउवा पक्षका उम्मेदवार विजयी भएका छन् ।

प्रदेशमा विमलेन्द्र निधि–शेखर कोइराला प्यानल एक भएका थिए । दुई समूहका साझा उम्मेदवारलाई हराउँदै प्रदेश २ समितिका आठै पदाधिकारीमा देउवा पक्षको जीत भएको हो । आठ पदाधिकारीसहित ६७ पदका लागि बिहीवार निर्वाचन भएको थियो ।

मतपरिणाम अनुसार निधि–कोइराला पक्षबाट सभापति पदका उम्मेदवार रामसरोज यादवलाई १४१ मतअन्तरले हराउँदै देउवा पक्षका कृष्णप्रसाद यादव विजयी भए । त्यसपछि अन्य पदाधिकारीको मतगणना गरिएको हो । बिहीवार बिहान निर्वाचन आयोगले सार्वजनिक गरेको नतीजा अनुसार उपसभापतिदेखि सहमहामन्त्रीसम्म सबै पदाधिकारीमा देउवा पक्षकै उम्मेदवार विजयी भएका छन् ।

प्रदेश उपसभापतिमा वीरेन्द्रप्रसाद सिंह र चन्द्रशेखर यादव विजयी भएका छन् । त्यसैगरी, महामन्त्रीमा उपेन्द्रकुमार यादव र वृहस्पतिकृष्ण श्रेष्ठ विजयी भएका छन् । सहमहामन्त्री खुलातर्फ दुई सिटका लागि भएको मतदानमा जयनारायणप्रसाद यादव र परशुराम चौधरी विजयी भएका छन् । यसैगरी, सहमहामन्त्री महिलातर्फ बिन्दुकुमारी यादव विजयी भएकी छन् ।

विजयी भएकाहरूमध्ये सभापतिमा कृष्ण यादवले ९९६ मत प्राप्त गरे भने रामसरोज यादवले ८५५ मत ल्याएर पराजित भए । उपसभापतिद्वयमा वीरेन्द्रप्रसाद सिंह १०१९ मत र चन्द्रशेखर यादव ८९५ मतका साथ विजयी भए ।

महामन्त्रीका उम्मेदवार उपेन्द्रकुमार यादव ९५९ मत र वृहस्पतिकृष्ण श्रेष्ठ ७८८ मत प्राप्त गरी विजयी भए । त्यसैगरी, सहमहामन्त्रीमा जयनारायण प्रसाद यादव ८७९ मत र परशुराम चौधरीले ८२२ मत प्राप्त गरी विजयी भए । सहमहामन्त्री महिलातर्फ बिन्दुकुमारी यादव ८८९ मतले विजयी भइन् । प्रदेश सदस्यहरूमा पनि देउवा पक्षीय



सभापतिमा निर्वाचित भएका कृष्णप्रसाद यादव । तस्वीरः सौजन्य

उम्मेदवारहरूकै अग्रता रहेको छ ।

जनकपुरधामस्थित गोपाल धर्मशालामा जारी काङ्ग्रेसको प्रथम अधिवेशनमा ७२ पदका लागि १८० जनाले उम्मेदवारी दिएका थिए । सोमध्ये विभिन्न क्लस्टरका पाँचजना सदस्य निर्विरोध चयन भइसकेकाले बाँकी ६७ पदका लागि बिहीवार मतदान भएको थियो ।

## जनमत पार्टीद्वारा आम हडतालको घोषणा

प्रस, सिराहा, १० पुस/

डा सिके राउत नेतृत्वको जनमत पार्टीले आइतवारदेखि सिराहामा आम हडतालको घोषणा गरेको छ । जिल्लाको औरही गाउँपालिकाबाट गहुँको बीउ लुटेको आरोपमा प्रहरीले एक किसानलाई पक्राउ गरेपछि सोको विरोधमा जनमत पार्टीले


जनमत पार्टीद्वारा निकालिएको मशाल जुलुस । तस्वीरः प्रतीक

आम हडताल घोषणा गरेको हो ।

जनमत पार्टीका नेता पवन यादवको नेतृत्वमा सङ्घर्ष समिति बनाएर गाउँपालिका र प्रहरी, प्रशासनविरुद्ध आइतवार एक दिन जिल्लामा आम हडतालको घोषणा गरेको हो ।

प्रहरीले औरही गाउँपालिका वडा नं ३ कडहरबाका किसान मिथिलेश यादवलाई बिहीवार पक्राउ गरेको थियो । गाउँपालिकाको कृषि शाखाले गहुँको बीउ र स्वास्थ्य सामग्री लुटपाट गरेको आरोप लगाउँदै चारजना किसानविरुद्ध प्रहरीमा मुद्दा दर्ता गराएको छ । मुद्दा दर्ता भएकामध्ये प्रहरीले एकजना किसानलाई पक्राउ गरेको र अन्यको खोजी गर्न थालेपछि जनमत पार्टी आन्दोलनमा उत्रिएको हो ।

घटनाको चार दिन पहिले गाउँपालिकाले किसानलाई वितरण गर्न साढे तीन सय बोरा गहुँको बीउ स्वास्थ्य चौकीको गोदाममा थन्काएर राखेको थियो । बीउ छर्ने समय बित्न लागेर पालिकाले गहुँ ल्याएकोमा पनि वितरणमा विलम्ब गरेको भनी आलोचना भएपछि पालिकाले किसानलाई बोलाएको थियो । स्वास्थ्य कार्यालय परिसरमा बिहानै किसानहरू भेला भएकामा मध्याह्नसम्म बीउ वितरण नगरिएपछि किसानहरूले गहुँको बीउ लुटेर लगेका थिए । किसानहरूले अति आवश्यक परेकोले आवश्यकता पूर्तिका लागि बीउ लगेको जनमत पार्टी आन्दोलन समितिका संयोजक पवनले विज्ञप्तिमा उल्लेख गरेका छन् ।

किसानलाई विनाशर्त रिहा गर्नुपर्ने, दर्ता गरिएका मुद्दा फिर्ता लिनुपर्ने, पालिकाले सार्वजनिक माफी माग्नुपर्ने, किसानलाई मल, बीउ, सिंचाइ र कीटनाशक औषधिको ग्यारेन्टी गर्नुपर्नेलगायतका माग अगाडि सार्दै जनमत पार्टीले आन्दोलनका कार्यक्रम घोषणा गरेको छ ।

आन्दोलनका कार्यक्रम अनुसार शनिवार जिल्लाका विभिन्न स्थानमा मशाल जुलुस प्रदर्शन गरिएको छ । आइतवारको आम हडतालमा दमन भए वा माग पूरा नभए सोमवारदेखि अझ सशक्त आन्दोलन गर्ने विज्ञप्तिमा उल्लेख छ ।

## उपाध्यक्षद्वारा दर्ता चलानी फाँटमा तालाबन्दी

प्रस, पचगावाँ, १० पुस/

सखुवाप्रसौनी गाउँपालिकाको दर्ता चलानी फाँटमा उपाध्यक्ष फूलमती देवीले ताला लगाएकी छन् ।

शुक्रवार हिजो उपाध्यक्षले नेरामावि, महुवनबाट आएका पत्र दर्ता गराउन खोज्दा दर्ता चलानीमा रहेका कार्यालय सहयोगी उपेन्द्र पासवानले दर्ता गर्न नमानेको विषयलाई लिएर उपाध्यक्षले तालाबन्दी गरेकी हुन् ।

विद्यालयको पत्र दर्ता गर्न उपाध्यक्षले कार्यालय सहयोगी पासवानलाई दबाब दिएकी थिइन् । तर पासवानले अध्यक्षले दर्ता नगर्न निर्देशन दिएको बताएर अध्यक्षबाट भन्न लगाउन आग्रह गर्दा उपाध्यक्ष फूलमती देवी रिसाएकी थिइन् ।

दुवैबीच दर्ताको विषयमा भनाभन भएको प्रत्यक्षदर्शीले बताए । उपाध्यक्ष फूलमती देवीले आफूले दर्ता गराउन खोज्दा अध्यक्षको नाम जोडेर कार्यालय सहयोगी पासवानले दर्ता नगरेको प्रतीकलाई बताइन् । उनले नियुक्ति नै नगरी दर्ता चलानीको जिम्मेवारी अध्यक्ष प्रदीपकुमार जयसवालले पासवानलाई दिएको आरोप पनि लगाएकी छन् । उनले तालाबन्दी गरेर सोको जानकारी प्रमुख जिल्ला अधिकारीलाई गराएको बताइन् ।



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

## विचारसार र सूक्तिहरू

**मानवको अन्तःकरण नै ईश्वरको वाणी हो ।**

**– बायरन**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# विद्युत् व्यापारमा औचित्यहीन एकाधिकार

**समयान्तर**



ओमप्रकाश खनाल
omkhanal@gmail.com

> **उत्पादनका प्रक्रिया र पद्धतिलाई सुलभ र सहज बनाउनुपर्दछ। लगानी खुला गर्दा सरकारले आन्तरिक लगानीलाई प्रोत्साहन दिनुपर्दछ। आन्तरिक निजी लगानीको संरक्षणको नाममा उपभोक्तालाई शोषण गर्ने तारतम्य भने मिलाइनुहुँदैन।**

नेपालमा विद्युत् व्यापारमा निजी क्षेत्रको सहभागिताको कुरा वर्षौंदेखि उठ्दै आएकोमा सरकारले अहिले निजी क्षेत्रलाई विद्युत् व्यापारको अनुमति दिन 'पावर एक्सचेन्ज' कार्यविधिको मस्यौदा बनाएको छ । यसले अब नेपालमा विद्युत्को उत्पादन मात्रै होइन, व्यापारसमेत प्रतिस्पर्धी बन्नेमा आशावादी हुने आधार देखा परेको छ। निजी क्षेत्रलाई पनि विद्युत् व्यापारको बाटो खुला भएसँगै यसको विकासका अवरोध हट्न सक्नेमा आशावादी हुन सकिन्छ ।

केही समयअघिसम्म विद्युत् अभावको समस्या झेलिरहेको हाम्रो आर्थिक र सामाजिक दिनचर्या अब त्यो सकसमा छैन । अब स्वदेशमा उत्पादन भएको विद्युत्को खपत कसरी बढाउने भन्ने चिन्तन शुरू भइसकेको छ। आन्तरिक खपत अभिवृद्धिदेखि बाह्य बजार खोजीका दृश्य देखा परे पनि ती पर्याप्त हुन सकेका छैनन् । सरकारी स्वामित्वको नेपाल विद्युत् प्राधिकरण यतिखेर विद्युत्को बजार खोजीमा लागेको छ । प्राधिकरणको नेतृत्व छिमेकी देशमा बजारको खोजीदेखि आन्तरिक खपत कसरी बढाउने भन्ने उपायको खोजीमा तल्लीन भएर पनि अपेक्षित सफलता हात नलागेको अवस्थामा व्यापारमा निजी क्षेत्रको प्रवेशको बाटो खोल्ने तयारीलाई सकारात्मक मान्नुपर्दछ।

निजी क्षेत्रबाट पावर एक्सचेन्ज कम्पनीमा चासो मात्र होइन, सक्रियता प्रकट भइराखेको अवस्थामा सरकारको अहिलेको कदम विद्युत् विकास र प्रवर्द्धनमा सहयोगी हुन सक्छ । अहिले सरकारी स्वामित्वको नेपाल विद्युत् प्राधिकरणले मात्र विद्युत्को व्यापार गरिरहेको छ । सरकारले मस्यौदा बनाएको पावर एक्सचेन्ज कार्यविधि पारित भएपछि विद्यत्को आन्तरिक र बाह्य बजार सहज मात्र हुँदैन, प्रभावकारी र प्रतिस्पर्धी हुन्छ ।

विद्युत् व्यापारमा सरकारी स्वामित्वको निकाय नेपाल विद्युत् प्राधिकरणको एकाधिकार अन्त्य गरेर यसलाई थप प्रभावकारी र प्रतिस्पर्धी बनाइनुपर्ने माग पहिल्यैदेखि उठ्दै आएको हो । व्यापारमा निजी क्षेत्रको प्रवेशले विद्युत् उत्पादन, सरोकारका पूर्वाधार सुधार र मूल्यमा प्रतिस्पर्धा बढेर आन्तरिक खपतमा वृद्धि हुने अपेक्षा गर्न सकिन्छ। यसबाट बाह्य बजार विस्तार पनि सहज हुने सम्भावना बढ्छ ।

अहिले व्यापारमा एकाधिकार पाएको प्राधिकरणले विद्युत्को मूल्यमा मनपरी चलाइरहेको छ । पूर्वाधारको प्रबन्ध यतिसम्म सकसपूर्ण छ कि सेवाग्राही स्वयम्ले यस्ता पूर्वाधारमा लगानी गर्नुपरेको छ। औद्योगिक ग्राहकले यस्ता पूर्वाधारमा करोडौं लगानी गरेका छन्। यसको प्रत्यक्ष अप्रत्यक्ष भार उत्पादन लागतमा परेको छ । लोडसेडिङ अन्त्य भएर पनि गुणस्तरीय र नियमित आपूर्ति हुन सकेको छैन। प्राधिकरण र ग्राहकबीच विवाद बढेका छन् । कतिपय विषय न्यायिक निरूपणको पर्खाइमा छन्। निजी व्यवस्थापनमा यस्ता समस्याको सम्भावना न्यून हुने अपेक्षा राख्नु अन्यथा हुँदैन । प्रतिस्पर्धा भनेको प्रभावकारी सेवाको पूर्वाधार हो। निजी क्षेत्रमा व्यवस्थापन र सञ्चालन दक्षता अब्बल हुने भएकैले व्यापारमा निजी क्षेत्रको प्रवेशले यस्ता समस्याहरूको निराकरण सहज बन्ने विश्वास गर्न सकिन्छ।

हुन पनि विद्युत् आज जनताको अत्यावश्यकीय वस्तु भएको सन्दर्भमा यस्ता वस्तुको आपूर्तिमा एकाधिकारले उपभोक्ताको हित कुण्ठित भइआएको छ । अत्यावश्यकीय सेवाको सहज र सुलभ उपलब्धता उपभोक्ताको अधिकार हो । आपूर्तिको सहज प्रबन्ध मिलाउने दायित्व राज्यको हो। तर यस्ता वस्तुको व्यापारमा सरकार स्वयम् लाग्नुहुँदैन । व्यापार सरकारको काम होइन । उपभोक्तालाई प्रतिस्पर्धाको लाभ दिन पनि विद्युत्मा निजी क्षेत्रको प्रवेश अत्यावश्यक भइसकेको छ। दूरसञ्चार सेवामा निजी क्षेत्रको प्रवेशले आएको सेवा सुधारलाई यहाँनिर स्मरण गर्नु सान्दर्भिक हुन्छ । पहिला एक लाइन टेलिफोन लिन भनसुन र घूस चाहिन्थ्यो, अहिले सेवामा प्रतिस्पर्धा छ। यो निजी क्षेत्रको प्रवेशकै कारण सम्भव भएको हो।

विद्युत् मात्र होइन, सरकारले पेट्रोलियम पदार्थको आपूर्तिमा समेत निजी क्षेत्रलाई खुला गर्नुपर्दछ। विगतमा केही कम्पनीलाई अनुमति दिएर पनि सरकारले त्यस्तो अनुमति खोसेको थियो । निजी क्षेत्रलाई ल्याएर बजारमा आधारित मूल्य प्रणाली ल्याएको खण्डमा विद्युत्को माग बढेर पेट्रोलियमको आयात प्रतिस्थापनमा सघाउ पुग्न सक्छ। विद्युत् र पेट्रोलियम आपूर्तिमा निजी क्षेत्रको प्रवेश नेपालको व्यापार घाटा न्यूनीकरणको उपाय बन्न सक्छ। सरकारले यसको व्यापार छोडेर सहजकर्ता र सचेत नियामकको भूमिकामा सीमित हुनुपर्दछ ।

सरकार अहिले १५ सय मेगावाट हाराहारीको विद्युत् उत्पादनमैं बाह्य बजार खोज्दै हिंडेको छ । निजी क्षेत्र स्वदेशमैं ५००० मेगावाट खपत गर्न सकिने बताइरहेको छ । अधिक विद्युत् खपत गर्ने फलाम र सिमेन्टका उद्योगहरूले अझै पनि चाहिनेजति विद्युत् पाएका छैनन्। पूर्वाधारमा लगानी गर्नुपरेको छ। विद्युत् उत्पादन बढिरहेको सन्दर्भमा प्रसारण लाइनको अपर्याप्तताले आपूर्ति प्रभावकारी हुन सकेको छैन । अहिले प्रसारण लाइन बनाउने जिम्मेवारी पनि प्राधिकरणकै काँधमा छ।

विद्युत्को बजार ग्यारेन्टी नहुँदा प्राधिकरणले कतिपय आयोजनासँग पिपिए गर्न सकेको छैन । पिपिएको अभावमा निजी क्षेत्रबाट उत्पादित विद्युत् खेर जाने अवस्था देखिएको छ। निजी क्षेत्रको लगानीका कैयौं आयोजना अन्योलमा परेका छन्। यस्ता आयोजनामा जनताको लगानी जोखिममा परेको छ। सरकारले विद्युत् उत्पादनलाई आक्रामकरूपमा अघि बढाइने भने पनि खपत विस्तारलाई प्रभावकारी नबनाउने हो भने लगानी धराशयी हुन सक्छ । निजी क्षेत्रको प्रवेशले यो समस्याको निकास सहज हुनेछ।

अहिले विद्युत्को औसत माग १६ सय मेगावाट हाराहारीमा छ । एक वर्षभित्र विद्युत्को खपत २ हजार २८४ मेगावाट पुग्ने अनुमान सरकारको छ। यस वर्ष विद्युत्को माग ३०० मेगावाट बढेको प्राधिकरणले बताएको छ। अहिले पनि हिउँदको माग धान्न २०० मेगावाट भारतबाट आइरहेको छ। बर्खामा विद्युत् खेर जाने अवस्था छ । प्राधिकरणले अहिलेसम्म निजी क्षेत्रसँग छ हजार मेगावाट बिजुली किन्ने सम्झौता गरेको छ । २५ सय मेगावाटका योजना निर्माणका क्रममा छन् । तीन हजार मेगावाटको विद्युत् खरीद सम्झौता प्रक्रियामा छ। सरकारी र निजी क्षेत्रले १८ हजार मेगावाट क्षमताबराबरका आयोजनाको सम्भाव्यता अध्ययन गरिराखेका छन्। उत्पादन बढ्नु, केही हदसम्म भएपनि महसूल घटाउनु र यसको व्यापारमा निजी क्षेत्रको प्रवेशको कानूनी पूर्वाधार तयारीका सन्दर्भले सकारात्मक सङ्केत दिएको छ । यसलाई निष्कर्षमा पुऱ्याउनुपर्दछ। उत्पादनलाई कसरी सस्तो बनाउने र खपत बढाउने भन्नेमा ध्यान जान जरुरी छ।

अबको १० वर्षमा १५ हजार मेगावाट बिजुली उत्पादन गर्ने भनिएको छ । भारतले पनि नेपालको विद्युत्मा रुचि राख्न छोडेको छैन। भारतले नेपालको विद्युत् किन्ने अपेक्षा राख्दा आज भारतमैं हाम्रोभन्दा सस्तो विद्युत् उत्पादन भइराखेको तथ्यलाई बेवास्ता गरिनुहुँदैन। विद्युत् निकासी र खपत वृद्धिको लागि विद्युत्को उत्पादन लागत घटाउनु मुख्य चुनौती हो । यो विद्युत्बाट लाभ लिने दीर्घकालीन उपाय पनि हो। उत्पादनका प्रक्रियागत ढिलासुस्ती र अवरोधको निदान आवश्यक छ । विद्युत्लाई मूल्य र गुणस्तरमा प्रतिस्पर्धी बनाउन यसको व्यापारमा निजी क्षेत्रको प्रवेश प्रस्थानबिन्दु हुनेछ ।

हालै अमेरिकी विदेश मन्त्रालयले सार्वजनिक गरेको एउटा प्रतिवदेनले ऊर्जा, पर्यटन, सूचना तथा सञ्चार, पूर्वाधार र कृषिलगायतका क्षेत्रमा लगानीको सम्भावना देखाएको थियो । एक अर्को अध्ययनले लक्ष्यमा राखिएको परिमाणमा बिजुली उत्पादनका निम्ति मात्रै ३० खर्ब रुपैयाँ लाग्ने प्रक्षेपण गरेको थियो। उत्पादन र प्रसारण लाइन तयार पार्न ४१ खर्ब रुपैयाँ आवश्यक पर्ने देखाएको छ । नेपालको ७८ प्रतिशत क्षेत्रमा मात्रै विद्युत्को सेवा पुगेको छ। विद्युत्मा पूर्ण पहुँचको लागि एक खर्ब रुपैयाँ थप लागत अनुमान गरिएको छ। यो लगानी लगाउने क्षमता प्राधिकरणसँग छैन। लक्षित ऊर्जा विकास र पूर्वाधारका स्वदेशी मात्र नभएर बाहिरको लगानी पनि आवश्यक पर्छ। उत्पादनका प्रक्रिया र पद्धतिलाई सुलभ र सहज बनाउनुपर्दछ। लगानी खुला गर्दा सरकारले आन्तरिक लगानीलाई प्रोत्साहन दिनुपर्दछ । आन्तरिक निजी लगानीको संरक्षणको नाममा उपभोक्तालाई शोषण गर्ने तारतम्य भने मिलाइनुहुँदैन ।

# बच्चालाई संस्कारवान् बनाउने प्रयास गरौं

परमात्माले बनाएको यस सृष्टिलाई कैयौं अर्थमा अद्भुत एवं विलक्षण भन्न सकिन्छ। एउटा विशेषता यस सृष्टिको यो छ कि यहाँ ससाना घटकले पनि आफ्नो विशिष्ट पहिचान, मौलिकता लिएको छ, जुन अरूसँग उपलब्ध छैन। एउटा कमिला, झिङ्गाभित्र जुन विशेषता छ, त्यो हाती वा सिंहमा छैन। यही नै तथ्य यसको विपरीत तर्कमा पनि समानरूपेण लागू हुन्छ । यस्तै एक विलक्षण मौलिकता मनुष्यको भित्र पनि हुन्छ, जसले गर्दा उसलाई अन्य प्राणीभन्दा अलग एवं विशिष्टता प्रदान गर्छ।

> **आज प्रविधिको दृष्टिले हामी यति विकसित भएका छौं तर के त्यस प्रविधिको केही लाभ हामीले पाएका छौं ? प्रविधिले परमाणुबाट ऊर्जा पैदा गर्न सक्थ्यो, तर बम बनाउँछ। त्यो विज्ञान जसले मान्छेलाई सुखी बनाउन सक्थ्यो, आज आतङ्कवादको साधना बनेको छ। ती प्रविधि जसले घरलाई आबाद गर्न सक्थ्यो, आज त्यसले युद्धको ताण्डव रचेको छ।**

मनुष्यभित्र यो विशिष्टता यस रूपमा छ कि मनुष्य एकैसाथ सौभाग्य तथा दुर्भाग्य, दुवै सम्भावनाको वाहक हो । हाम्रो जीवनमा उपस्थित विभिन्न प्रकारका सम्भावनाले नै यो तय गर्छ कि मनुष्यले आफ्नो जीवनमा सौभाग्यलाई चयन गर्ने कि दुर्भाग्यलाई। सम्भावनाले नै यो तय गर्छ कि हाम्रो जीवनमा उत्कर्ष पथ भेटिन्छ कि पराभव। सम्भावनाले नै यो तय गर्छ कि हामी आफ्नो जीवनमा एउटा सुगन्धित फूलसरह फुल्छौं वा ओइलिएको फूलसरह गुमनाम अँध्यारोमा विलीन हुन्छौं।

मनुष्य एक्लो यस्तो प्राणी हो, जसको भित्र रावण बन्ने सम्भावना पनि छ, राम बन्ने अवसर पनि छ। मनुष्यभित्र कंस बन्ने सम्भावना पनि छ भने कृष्ण बन्ने अवसर पनि छ । मनुष्यले अंगुलिमालको रूपमा एउटा दुर्दान्त डाँकू बन्ने सम्भावना पनि आफूभित्र राख्छ भने भगवान् बुद्धको रूपमा एउटा महापुरुष बन्ने अवसर पनि ऊसँग छ। यसलाई आजको परिस्थिति एवं वातावरणको दुर्भाग्य मान्नुपर्छ कि आज मनुष्यत्वलाई आतङ्कित गर्ने अंगुलिमाल पाइला-पाइलामा भेटिन्छन् तर त्यो करुणाको प्रतिमूर्ति बुद्ध कतै देखिंदैन। जहाँ आसुरी प्रवृत्ति भएका नरपिशाचको जमघट देखिन्छ तर ती निशाचरलाई नाश गरेर प्रकृति र समष्टिको कल्याण गर्ने मर्यादापुरुषोत्तम राम कतै देखिंदैन।

महापुरुष एवं अवतारहरूको उचाइमा नगएर एकजना सामान्य व्यक्तिको स्तरमा वातावरणमा व्याप्त अन्धकारको जुन प्रभाव देखिंदैछ, त्यसलाई जान्नको लागि कुनै अतिरिक्त प्रमाणको आवश्यकता किन ? यदि व्यक्ति पतनको मार्गमा अगाडि हिंड्न चाहन्छ भने उसले अनेकौं सम्भावना, सहयोगी, सुविधा-सहजै पाउँछ तर धर्म, न्याय, मानवताको उत्थानको पथ यति एकाकी किन देखिंदैछ। समाजमा व्यक्तिलाई भ्रमित गर्ने र पतित गर्ने माग थुप्रै देखिन्छन् तर उत्थानको पथ, उत्कर्षको पथ, उन्नतिको पथ यी सबै बताउन समाज एकदमै एक्लो छ।

यस्तो लाग्छ कि समाज आदर्शमा स्थापित थियो, त्यो आदर्श नै कतै लुप्त भएको छ । मानवताको संरक्षण त टाढाको कुरा भयो, मानिसले परिवार बचाउने प्रयत्न गरेको पनि देखिंदैन । विश्वका अधिकांश व्यक्ति यति एक्लो, एकाकी, भ्रमित किन छन् ? हरेक मान्छे आफूमा एक्लो, डुबेको, विक्षुब्ध देखिन्छ। जीवनको लक्ष्य, उद्देश्य कतै हराएको छ। व्यक्ति छरिएको छ, परिवार टुटेको छ एवं समाज आफैंलाई नष्ट गर्न सक्रिय छ । यस्तो लाग्छ, मानवता एउटा सामूहिक आत्महत्याको लागि तयार भएको छ। यस्तोमा परिवर्तनको माग समाजको हरेक कुनाबाट उठेको देख्न सकिन्छ।

एउटा ठूलो परिवर्तन समाजको शिक्षा-व्यवस्थाको हुनुपर्छ । यतिधेरै कलेज, विश्वविद्यालय भएर पनि आजका विद्यार्थीहरूको जीवन ध्येयविहीन, मूल्यविहीन एवं उद्देश्यविहीन देखिंदैछ, कसरी हामीले शिक्षा दिइरहेका छौं, के दिंदैछौं ? जुन विद्यालयबाट विद्यार्थीहरूले अनुशासन सिक्नुपर्थ्यो, त्यही विद्यालयले अनुशासनहीनता सिकाउन थालेको छ। विद्याको मन्दिरले विद्यार्थीलाई नैतिकताको पाठ सिकाउनुको सट्टा अनैतिकताको द्वार बनेको छ। जुन शिक्षा प्रणालीले समाजको जिम्मेवार नागरिक तयार गरेर दिनुपर्थ्यो तर यदि त्यो शिक्षा प्रणालीले नै उद्दण्ड एवं उच्छृङ्खल नागरिक तयार गर्न थाल्यो भने समाजलाई दोष दिने कि कसलाई दिने ? जब रक्षक नै भक्षक बन्छ भने कसको ढोकामा दुहाइ लगाउने ?

यस वर्तमान सङ्कटको पछाडि एउटा प्रमुख कारण यो हो कि समाजको दौड गलत दिशामा भएको छ। वैभव बढाउने र महत्त्वाकाङ्क्षा पूरा गर्ने अन्धो दौडमा हामीले व्यक्तित्व निर्मित गर्ने मूल उद्देश्यलाई नै बिर्सिएका छौं। शिक्षाको के यति मात्र उद्देश्य हो कि त्यसले पैसा कमाउने कर्मचारी तयार गरेर समाजलाई दिने, चाहे व्यक्तित्वको दृष्टिले त्यो पूर्णतया दिवालिया होस्। यदि हामीले हाम्रो प्राचीन इतिहासलाई उठाएर हेर्छौं भने गुरुकुल, अध्यापक, विश्वविद्यालयको केन्द्रमा सदा यस्तै व्यक्तित्व बसेका थिए, जसको जीवनमा शिक्षा प्रमाणको रूपमा उपस्थित थियो। जब स्वयंको व्यक्तित्व नै दोषहरूको खानी छ भने के यस्ता व्यक्तित्व कोमल मनलाई शिक्षा दिने स्थितिमा हुन्छ ? पैसाको भण्डार हुनु नै यदि शिक्षण संस्थान खोल्नुको पछाडिको एकमात्र आधार रहन्छ भने हामी विद्यार्थीलाई कस्तो सोच दिन सक्छौं ?

यसको साथै हामी यदि मानवताको वैज्ञानिक प्रगतिको इतिहास उठाएर हेर्छौं भने स्पष्ट देखिन्छ विगत दुई/तीन सय वर्ष यस दृष्टिले अभूतपूर्व थियो। विज्ञान, प्रविधिको क्षेत्रमा एउटा विलक्षण पाइला हासिल गरेर हामीहरू बसेका छौं । एकातर्फ हामी चन्द्रमा र मङ्गलमा गएर बसेका छौं वा त्यसको तैयारीमा छौं भने अर्कोतर्फ आफ्नै मन र आफन्तभन्दा टाढा गइरहेका छौं। यस्तो सुखको के लाभ, जुन हाम्रो मनको शान्तिलाई छिन्छ। आज प्रविधिको दृष्टिले हामी यति विकसित भएका छौं तर के त्यस प्रविधिको केही लाभ हामीले पाएका छौं ? प्रविधिले परमाणुबाट ऊर्जा पैदा गर्न सक्थ्यो, तर बम बनाउँछ। त्यो विज्ञान जसले मान्छेलाई सुखी बनाउन सक्थ्यो, आज आतङ्कवादको साधना बनेको छ। ती प्रविधि जसले घरलाई आबाद गर्न सक्थ्यो, आज त्यसले युद्धको ताण्डव रचेको छ।

प्रश्न उठ्छ यस्तो किन ? यस्तो यस कारण कि जति मेहनत हामीले यी यन्त्र बनाउन, यसको प्रविधिलाई विकसित गर्न गरेका छौं, यदि त्यस मेहनतमा थोरै पनि भाग हामीले त्यस प्रविधिलाई चलाउने मनुष्यमाथि खर्च गरेको भए, उसको व्यक्तित्व परिमार्जनमा लगाएको भए शायद यो दिन देख्नुपर्ने थिएन । साक्षरता पाएर, डिग्री पाएर पनि व्यक्तित्व पाउन सकिंदैन । व्यक्तित्व परिशोधनको जिम्मेवारी आजको शिक्षा प्रणाली आफ्नो हातमा लिनुपर्छ, तब केही सार्थक एवं सकारात्मक परिवर्तन सम्भव छ। अन्यथा मानवताको बीभत्स पतनलाई हामी आफ्नो आँखाअगाडि घटित भएको देख्नेछौं।

यो कुरा यहाँ लेख्नुपछाडिको मन्तव्य यतिमात्र हो कि यो सत्य हो कि हामी स्कूल, कलेजलाई बदलिन सक्दैनौं तर हामी यसको समानान्तर बाल संस्कारशालाको व्यवस्थालाई मजबूती प्रदान गर्न सक्छौं । संस्कृतिको आधारभूत तत्त्वलाई बाल्यकाल, सानै उमेरमा नै बच्चाको व्यक्तित्वको अङ्ग बनाउनुपर्छ।

# चिसो बढेकाले सतर्कता अपनाउन अनुरोध

काठमाडौं, १० पुस/रासस

पछिल्ला दिनमा राजधानी काठमाडौं उपत्यकासहित देशैभर चीसो बढिरहेको छ। दिउँसोपख मधुरो घाम लागे पनि अधिकतम र न्यूनतम तापक्रममा फेरबदल भइरहेकाले चिसो अझै बढ्न सक्ने विज्ञले औंल्याएका छन्।

गत एक सातामा न्यूनतम तापक्रम घटे पनि घाम लागेकाले तुलनात्मकरूपमा कम चीसो महसूस हुँदा दुई दिनयता राजधानीसहित देशभर बढी चीसो महसूस गरिएको छ । मौसम पूर्वानुमान महाशाखाको विवरणमा एक साताको अवधिमा न्यूनतम दुईदेखि चार डिग्री र अधिकतम तापक्रम १६, १८ तथा २० हाराहारी थियो । आज काठमाडौंको न्यूनतम चार दशमलव चार र अधिकतम १८ डिग्री सेल्सियस रहेको छ।



तस्वीर: सौजन्य

अबका दिनमा मौसम फेरबदल भइरहनेछ। अझै चीसो बढ्ने सम्भावना रहेकाले आवश्यक सतर्कता अपनाउन मौसमविद् शान्ति कँडेलले बताइन् । "अबका दिनमा मौसम फेरबदल भइरहन्छ, हल्का वर्षा र हिमपातको सम्भावना रहन्छ," उनले भनिन्,

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# चीनमा चार महीनापछि सबैभन्दा धेरै सङ्क्रमित

बेइजिङ, १० पुस/सिन्ह्वा

चीनमा कोरोना भाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्या चार महीनापछि सबैभन्दा धेरै देखिएको छ।

विगतमा सङ्क्रमितको सङ्ख्या घट्दै गए पनि अहिले फेरि बढेको देखिएको सरकारी अधिकारीले शनिवार जानकारी दिएका छन्।

कोरोना भाइरसको सबैभन्दा पहिला पुष्टि भएको मुलुक चीनमा महामारीको न्यूनीकरण भने अरू देशमा भन्दा राम्रोसँग भएको थियो। सन् २०१९ को डिसेम्बर अन्तिममा कोरोना भाइरसको पुष्टि चीनमा भएको थियो।

शुरूमा उच्च सतर्कता गरेकाले चाँडो महामारी न्यूनीकरण गर्न सफल भएको थियो भने चीनले कोरोना भाइरसविरुद्धको खोप पनि उत्पादन गरेको छ। चीनमा उत्पादन गरिएको खोप अहिले विश्वका धेरै देशका नागरिकले लगाइसकेका छन्। अहिले फेरि सङ्क्रमितको सङ्ख्या बढ्न थालेपछि सतर्कता पनि बढाउन थालिएको अधिकारीले जानकारी दिएका छन्।

उनीहरूका अनुसार पछिल्लो २४ घण्टामा १४० जना नयाँ सङ्क्रमित भेटिएको पुष्टि गरिएको हो। तीमध्ये ८७ जना स्थानीय स्थानान्तरण र अरू बाहिरबाट सरेको राष्ट्रिय स्वास्थ्य आयोगले जनाएको छ।



तस्वीरः सिन्ह्वा

# काबुल विमानस्थल सञ्चालनबारे सम्झौता

काबुल, १० पुस/एएनआई

टर्की र कतारले काबुलको अन्तर्राष्ट्रिय विमानस्थल र अफगानिस्तानका अन्य चारवटा विमानस्थलको व्यवस्थापनका लागि तालिबानसँग सम्झौता गरेको स्पुतनिकले जनाएको छ।

उक्त वार्ता प्रभावकारी रहेको र जसमा उनीहरू आगामी दिनमा सञ्चालनको विवरणमा काम गर्न प्राविधिक समूह सिर्जना गर्न सहमत भएका छन्। "दोहा र अङ्कारा संयुक्तरूपमा काबुल अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन गर्न सहमत भएका छन्," स्रोतहरूले भने।

टर्की-कतारी प्रतिनिधिमण्डलले संयुक्त कार्यलाई निरन्तरता दिन छिट्टै काबुल भ्रमण गर्ने पनि स्पुतनिकले रिपोर्ट गरेको छ।

यसअघि अगस्त ३१ मा अमेरिकी सेना फिर्ता भइसकेपछि कतारको प्राविधिक टोलीले काबुल अन्तर्राष्ट्रिय विमानस्थल मर्मत गरेको थियो।

अगस्तको मध्यमा तालिबानले सत्ता कब्जा गरेपछि काबुलको अन्तर्राष्ट्रिय विमानस्थल र अफगानिस्तानभरि अन्तर्राष्ट्रिय र स्थानीय उडानहरू स्थगित गरिएको थियो।



तस्वीर : फाइल

# अफगानिस्तानलाई सहयोग गर्न अमेरिका र उसका सहयोगीलाई आह्वान

काबुल, १० पुस/एएनआई

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले अफगानिस्तानको अर्थतन्त्रलाई नष्ट गरेकोले अमेरिकालाई सहायता उपलब्ध गराउन आग्रह गरेका छन्।

उनले अफगानिस्तानमा विगत २० वर्षदेखि लडिरहेका अमेरिका र सहयोगीले अफगानलाई सहायता उपलब्ध गराउनुपर्नेमा जोड दिएको टोलो न्यूजले जनाएको छ।

"जो २० वर्षदेखि त्यहाँ छन्, अर्थतन्त्रलाई ध्वस्त पारेका छन्, उनीहरूले पहिले सहयोग उपलब्ध गराउनु आवश्यक छ," पुटिनले तास समाचार एजेन्सीलाई बताए।

राष्ट्रपति पुटिनले आफ्नो वार्षिक पत्रकार सम्मेलनमा उक्त टिप्पणी गरेका हुन्।

उनले अफगानिस्तानको रोक्का गरिएको सम्पत्तिको बारेमा पनि कुरा उठाए।

उनले भने, "सबैभन्दा पहिले, अफगानिस्तानका जनतालाई पूर्ण हदसम्म मानवीय सहायता प्रदान गर्नका लागि विदेशी बैंक, मुख्यतया अमेरिकीद्वारा अफगानिस्तानको कोषलाई खुला गर्न आवश्यक छ, अन्यथा उसले भोकमरी र अन्य गम्भीर समस्याको सामना गर्न सक्ने सम्भावना छ। जसको असर छिमेकी राष्ट्रमा समेत पर्नेछ," उनले भने।

तालिबानलाई आह्वान गर्दै रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले सबै जातीय समूहको प्रतिनिधित्वबाट समावेशी सरकार गठन गर्नुपर्ने बताए।

पुटिनले भने, "अहिले अफगानिस्तानको नेतृत्वमा रहेका सेनाले देशको नेतृत्वमा सबै जातीय समूहलाई प्रतिनिधित्व गर्न तयार हुनुपर्छ," टोलो न्यूजले रिपोर्ट गरेको छ।

यसबाहेक उनले काबुल र मस्कोबीचको सम्बन्ध सम्भव राम्रो तरीकाले विकास हुने बताएका छन्।

"यो हाम्रोलागि निष्क्रिय मुद्दा होइन किनभने हामीसँग मध्य एसियाली गणतन्त्र, सोभियत सङ्घका पूर्वगणतन्त्रसँग खुला सिमाना छन्, र निश्चितरूपमा, त्यहाँ केही चरमपन्थी तत्त्वको सम्भावित आक्रमणले हामीलाई सचेत रहन झक्झकाएको छ," पुटिनले थपे। रासस

## आजको राशिफल

| | |
|---|---|
| मेष — अलमल | वृष — कार्यनाश |
| मिथुन — विजय | कर्कट — राज्यलाभ |
| सिंह — कान्तिक्षय | कन्या — भाग्योदय |
| तुला — खर्चवृद्धि | वृश्चिक — मनोरञ्जन |
| धनु — कर्मप्राप्ति | मकर — राज्यभय |
| कुम्भ — वादविवाद | मीन — यात्रालाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

# क्रिसमसको दिन चार हजार ५०० उडान रद्द

न्यूयोर्क, १० पुस/एएफपी

विश्वका धेरै देशमा मनाइने क्रिसमस पर्वको दिन चार हजार ५०० भन्दा बढी विमान उडान रद्द भएका छन्।

अत्यधिक धेरै यात्रा हुने दिनका रूपमा समेत चिनिने क्रिसमसका दिन शनिवार यति धेरै विमान सेवा रद्द भएको अधिकारीले जनाएका छन्।

कोरोना भाइरसको नयाँ भेरियन्टका रूपमा देखिएको ओमिक्रोनको सङ्क्रमण थप फैलिने डरले क्रिसमसकै दिनका उडान पनि रद्द भएका हुन्। त्यसैगरी, अरू हजारौं उडानमा ढिलाइ पनि भएको उडानसम्बन्धी सूचना प्रवाह गर्ने वेबसाइट फ्लाइट अवेर डटकममा उल्लेख गरिएको छ। उडान रद्द तथा ढिलाइ हुँदा अमेरिकी राष्ट्रपति जो बाइडेनसहित विश्वका प्रभावशाली व्यक्तिसमेतलाई असर परेको छ। यसअघि गत शुक्रवार मात्रै २४ सयभन्दा बढी उडान रद्द भएका थिए भने ११ हजारभन्दा बढी उडानमा ढिलाइ भएको थियो। यो समाचार तयार पार्दासम्ममा आगामी आइतवारका लागि तय भएका ६०० भन्दा बढी उडान पनि रद्द भइसकेका र अरू पनि धेरै रद्द हुन सक्ने बताइएको छ। रासस

छोरा र छोरी दुवै बराबरी।

वीरगंज महानगरपालिका

# एमाले तेस्रोपटक संसद् विघटन होस् भन्ने चाहन्छ, हामी त्यसो हुन दिन्नौं –अध्यक्ष दाहाल

काठमाडौं, १० पुस/रासस

प्रमुख प्रतिपक्षी नेकपा (एमाले)को निरन्तरको अवरोधका कारण पुनर्स्थापित प्रतिनिधिसभाले गति लिन सकेको छैन। पुनर्स्थापित प्रतिनिधिसभाको नवौं र दशौं अधिवेशनमा एमालेको अवरोध कायमै छ। एमालले वर्तमान प्रतिनिधिसभाको पूरा कार्यकालसम्म संसद् अवरोधलाई निरन्तरता दिने सङ्केत गरिरहेको छ। प्रतिनिधिसभामा अवरोध जारी रहँदा जनजीविकाका सवाल ओझेलमा परेका छन्। नागरिकता विधेयक, निजामती विधेयकलगायत जनतासँग प्रत्यक्ष जोडिएका विषय निष्कर्षमा नपुग्दा जनतामा नैराश्यता बढेको छ।

प्रतिनिधिसभाको कामकारबाहीलाई व्यवस्थित बनाउन, संसद्मा देखिएका गत्यारोध अन्त्यका लागि सभामुख तथा सरकारले गरेका प्रयत्नलाई एमालेले असहयोग गर्दै आएको छ। सदनमा हुँदै आएको अवरोध हटाउन सभामुख अग्निप्रसाद सापकोटाले बोलाएको सर्वदलीय बैठक बहिष्कार गरेर एमालेले आफूले गरेको संसद् विघटनलाई जायज पुष्टि गर्न खोजिरहेको छ।

मुलुकका जल्दाबल्दा समस्यालाई समाधान गर्न प्रधानमन्त्रीले बोलाएको सर्वदलीय बैठक पनि एमालेले बहिष्कार गरिरहेको छ। प्रतिपक्ष सरकारसँग संवादमा आउन नचाहिरहेको चर्चा सार्वजनिक हुन थालेको छ। वर्तमान राजनीतिक परिस्थितिबाट मुलुकलाई निकास दिन संसद्को सबैभन्दा ठूलो दल एमालेसँग निर्णायक छलफल गर्ने सत्ता गठबन्धनको तयारी छ।

प्रथम राष्ट्रिय सम्मेलनको पूर्वसन्ध्यामा आज सम्पादकसँग गरिएको अन्तर्क्रियामा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले एमाले छलफलबाट भाग्न खोजिरहेकोले आफूहरू अध्यक्ष केपी शर्मा ओली निवास बालकोटमैं गएर संवाद गर्न चाहेको बताए। महत्त्वपूर्ण विषयमा छलफल गर्न सरकारले बोलाएको सर्वदलीय बैठकमा एमाले सहभागी नभएको उल्लेख गर्दै उनले आफूले प्रधानमन्त्रीलाई ओलीसँग छलफल गरौं भनेको बताए।

"प्रधानमन्त्रीले सर्वदलीय बैठक बोलाउनुभयो, तर प्रमुख प्रतिपक्षी दलका नेता प्रधानमन्त्रीले बोलाएको बैठकमा आउनुहुन्न, पटक-पटक प्रधानमन्त्रीले सर्वदलीय बैठक बोलाउने र प्रमुख प्रतिपक्षी नआउने," अध्यक्ष दाहालले भने, "मैले त एकपटक प्रधानमन्त्रीलाई भनें, प्रधानमन्त्रीजी अब उहाँ आउनुहुन्न, त्यस्तै हुनुहुन्छ। हाम्रो के लाग्यो ? तपाईं र म नै बालकोट जाऔं। यो सदन पनि यसरी रोकिदिनुभएन भनौं। देशका अरू विषय पनि हल गरौं भनेको छु।"

लगातार संसद् अवरुद्ध गरेर एमालेले फेरि पनि संसद् विघटन होस् भन्ने चाहेको उनको भनाइ थियो। "एमाले अध्यक्ष ओलीले तेस्रोपटक संसद् विघटन गर्न खोजिरहेका छन्। पहिलोपटकको विघटन सडकबाट बदर गर्‍यौं। दोस्रोपटकको विघटन अदालतबाट बदर गर्‍यौं। तेस्रोपटक पनि प्रयास भइरहेको छ। हामी हुन दिन्नौं," उनले भने।

### परिवर्तनकारी शक्ति एक हुनुपर्छ

अन्तर्क्रियामा माओवादी अध्यक्ष दाहालले सङ्घर्षबाट प्राप्त उपलब्धिको रक्षाका लागि परिवर्तनकारी शक्ति एक हुनुपर्ने बताए। माओवादी, नेकपा (एकीकृत समाजवादी) र जनता समाजवादी पार्टी गठबन्धनमा रहेको उल्लेख गर्दै उनले गठबन्धनभन्दा बाहिर रहेका पार्टीसँग पनि आगामी निर्वाचनमा मोर्चा बनाउने र एकता गर्ने विषयमा कुराकानी भइरहेको बताए।

ढिलोचाँडो माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी) एक हुन सक्ने उनको भनाइ थियो। "माधव नेपाल र हामी ढिलोचाँडो एक ठाउँमा हुन्छौं, हामी यसअघि पनि आफैं छुट्टिएका हैनौं," उनले भने।

### माओवादी एमसिसीको विरोधी होइन

अध्यक्ष दाहालले दातृ राष्ट्रको सहयोग लिने विषयमा माओवादीको कुनै असहमति नरहेको बताए। अमेरिकी सहयोग परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसिसी) सम्झौताभित्र रहेका विषयमा जनताले उठाएका चासोलाई निरूपण गर्नुपर्ने भन्दै उनले एमसिसीका विविध पक्ष केलाउन गठबन्धनले कार्यदल बनाएर अध्ययन थालेको बताए।

"माओवादी एमसिसीको विरोधी होइन तर जनताले नै बहस चाहेको हुनाले संशोधन गर्नुपर्ने विषय संशोधन गरेर अगाडि बढ्नुपर्छ भनिएको हो," उनले भने, "तीन सदस्यीय टोलीले अहिले अध्ययन गरिरहेको छ। आएको सुझाव अनुसार नै अगाडि बढ्छ।" यसअघि पनि विभिन्न दातृ राष्ट्र तथा निकायले दिएको सहयोग नेपालले लिंदै आएको स्मरण गराउँदै अध्यक्ष दाहालले एमसिसी सम्झौतामा उठेका प्रश्नको भने निरूपण हुनुपर्ने बताए।

सत्ता गठबन्धनले एकीकृत समाजवादी पार्टीका वरिष्ठ नेता झलनाथ खनालको संयोजकत्वमा माओवादी केन्द्रका नेता नारायणकाजी श्रेष्ठ र सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्की सदस्य रहेको कार्यदल गठन गरेको छ। कार्यदलले प्रारम्भिक छलफल थालेको छ।


तस्वीरः रासस

# भन्सार छलीका सामान बरामद

प्रस, वीरगंज, १० पुस/

जिल्ला प्रहरी कार्यालय, पर्साले भन्सार छलीका सामान राजस्व अनुसन्धान कार्यालय, पथलैयामा बुझाएको छ।




लत्ताकपडा, खुद्रा सामान वीरगंजबाट हेटौंडातर्फ जान लागेको ना.३ख ७४८ नम्बरको मिनीट्रकलाई नियन्त्रणमा लिएर चेकजाँच गर्दा भन्सार छलीका सामान बरामद भएको जिप्रका, पर्साले जनाएको छ। वीरगंज-८, घण्टाघरबाट हिजो राति १० बजे बरामद सामान आज राजस्व अनुसन्धान कार्यालयमा बुझाएको जिप्रका, पर्साले जनाएको छ।

# एमालेको बुथ सम्पर्क अभियान

प्रस, वीरगंज, १० पुस/

नेकपा एमालेको शनिवार वीरगंज-१ मा बुथ सम्पर्क अभियान कार्यक्रम सम्पन्न भएको छ। वडा कमिटीको आयोजनामा भएको कार्यक्रमको एमाले पर्साका अध्यक्ष प्रभु हजाराले उद्घाटन गरेका थिए।

सो अवसरमा अध्यक्ष हजराले जनस्तरमा पार्टीको सङ्गठन बलियो बनाउन निर्देशन दिए।

उनले बुथ सम्पर्क अभियान सोही प्रयोजनले शुरू गरिएको बताउँदै आगामी स्थानीय निर्वाचनमा एमालेको जीतमा यसको प्रभावकारी भूमिका हुने दाबी पनि गरे। राकेश चौधरीको अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय सदस्य निर्मला देवकोटा, प्रदेश सदस्य बसरुद्दीन अन्सारी, शम्भु गुप्ता, महानगर अध्यक्ष राजेन्द्र यादव, उपाध्यक्ष महेश दास, सचिव सुन्दर कुर्मीलगायतले पार्टी सङ्गठन बलियो बनाउन बुथ सम्पर्क अभियान शुरू गरेको बताए। कार्यक्रममा स्वागत वडा इन्चार्ज हरिशङ्करलाल कर्ण र धन्यवाद महानगर सदस्य वीरेन्द्र कण्ठले गरेका थिए।



तस्वीरः प्रतीक

### चीसो बढेकाले सतर्कता....

"अधिकतम तापक्रम एक/दुई डिग्री सेल्सियस बढे पनि न्यूनतम तापक्रम घट्ने र बदलीसँगै घाम कमजोर हुने हुनाले चीसो क्रमशः बढ्ने देखिन्छ, तापक्रम माइनस पुग्छ पुग्दैन अहिले भनिहाल्ने अवस्था छैन," अहिले नेपालमा उल्लेखनीय मौसमी प्रणाली छैन। तथापि पश्चिमी वायुको सामान्य प्रभाव रहेको मौसमविद् कँडेलको भनाइ छ।

उनका अनुसार अहिले देशभर आंशिकदेखि सामान्य बदली भइरहेको छ। उच्च पहाडी भेगमा हल्का हिमपात र एक/दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ। मौसम पूर्वानुमान महाशाखाले तीन दिनको मौसम पूर्वानुमान गर्ने गरेको छ।

महाशाखाको विवरणमा पहाडी भूभागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भूभागमा सामान्यतया मौसम सफा रहेको छ। प्रदेश नं १ र वाग्मती प्रदेशका पहाडी भूभागका एक/दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ। देशका उच्च पहाडी तथा हिमाली क्षेत्रका थोरै स्थानमा हल्का हिमपातको सम्भावना छ।

# पूर्व विद्यार्थीहरूद्वारा विद्यार्थीहरूलाई ब्याग सहयोग

प्रस, निजगढ, १० पुस/

'विश्व हाम्रो घर, मानिस हाम्रो थर, को सानो को ठूलो शिक्षा बराबर, आजका

तस्वीरः जीतलाल श्रेष्ठ



बालबालिका भोलिका कर्णधार' नाराका साथ निजगढ नगरपालिका–८ गौरीशङ्कर माविका पूर्वविद्यार्थीहरूले स्थापना गरेको गौरीशङ्कर फाउन्डेशनले विद्यार्थीहरूलाई शनिवार एक समारोहका बीच निश्शुल्क ब्याग वितरण गरेको छ।

कार्यक्रमका प्रमुख अतिथि वडाध्यक्ष जयराम कुमरले संस्थाको सकारात्मक कार्यको सिको अन्य संस्थाहरूले पनि गर्नुपर्ने भन्दै फाउन्डेशनप्रति आभार प्रकट गरे।

निजगढ नपा–४ स्थित जनकल्याण आधारभूत प्राविमा अध्ययनरत विद्यार्थीहरूलाई ब्याज प्रदान गरिएको कार्यक्रमका अध्यक्ष एवं फाउन्डेशनका अध्यक्ष खड्गराज मैनालीले बताए। गरीब, न्यून आय भएका, दलित, जनजाति विद्यार्थीहरूसमेत अध्ययन गर्दै आइरहेका सो विद्यालयका २५२ जना विद्यार्थीलाई स्कूल ब्याग प्रदान गरिएको फाउन्डेशनका अध्यक्ष मैनालीले बताए।

रु एक लाखबराबरको स्कूल ब्याग वितरण गरिएको फाउन्डेशनका सचिव दीपक सापकोटाले बताए। फाउन्डेशनले आउँदा दिनमा अति गरीब, विपन्न परिवारका जेहेन्दार विद्यार्थीहरूलाई आवश्यक सामग्री प्रदान गर्ने कोषाध्यक्ष पूजा सापकोटाले बताइन्। कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रमेश अर्याल, प्रअ मधुसूदन अधिकारीले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा स्वागत सचिव दीपक सापकोटा र सञ्चालन मुक्तिनाथ अधिकारी गरेका थिए।

# लायन्सद्वारा आशा किरण केन्द्रलाई सहयोग

प्रस, वीरगंज, १० पुस/

लायन्स क्लब अफ वीरगंज संस्कृति गोल्डले वीरगंजमा रहेको आशा किरण केन्द्रका बालबालिकाहरूलाई क्रिसमस डेको अवसरमा शनिवार कम्प्युटर, प्रिन्टर, न्यानो कपडा र मिठाइ सहयोग गरेको छ।

सिद्धार्थ माविमा रहेका सुस्तमनस्थिति भएका बालबालिकाहरूको हेरचार गर्दै आएको संस्थालाई कार्य गर्न सहयोग पुगोस् भनेर लायन्स क्लबले सो सामग्री उपलब्ध गराएको केन्द्रका महासचिव राजन श्रीवास्तवले बताए।

कार्यक्रममा क्लबकी अध्यक्ष सुधा कार्की थापाले आशा किरण केन्द्रले सुस्तमनस्थितिका बालबालिकाको लागि गर्दै आएको प्रयासको सराहना गरिन्। उनीलगायत लायन्सका पदाधिकारी, सदस्यहरूले केक काटेर बालबालिकासँग क्रिसमस डे मनाएका थिए।

कार्यक्रममा आशा किरण केन्द्रका



महासचिव श्रीवास्तवले आगन्तुक पाहुनाहरूलाई खादा ओढाएर सम्मान गरेका थिए। कोषाध्यक्ष सन्दीप मोहता, लायस रमेश अग्रवालले धन्यवाद व्यक्त गरेका थिए।

कार्यक्रममा लायन्सका रमेश अग्रवाल, श्वेता मानन्धर, सुनीला अग्रवाल, प्रिया सिंह, रीता सिकरिया, विनीता अग्रवाल, श्याम अग्रवाल, डिएनण अग्रवाल, रजनी वर्मा, सिन्धु कुशवाहालगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण सचिव भगवती सिग्देलले गरेकी थिइन्।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |


Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


# खेलकूदको संसार

## प्रधानमन्त्री महिला कप क्रिकेटको उपाधिका लागि एपिएफ र प्रदेश नं १ प्रतिस्पर्धा गर्दै

सुदूरपश्चिम, १० पुस/रासस

धनगढीको फाप्ला क्रिकेट मैदानमा जारी प्रधानमन्त्री कप महिला राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधिका लागि विभागीय टिम एपिएफ र प्रदेश नं १ भिड्ने भएका छन्। शनिवार भएका सेमिफाइनल प्रतिस्पर्धामा जीत हासिल गर्दै यी दुवै टोली उपाधिका लागि भिड्ने भएका छन्।

आजको पहिलो सेमिफाइनल खेलमा प्रदेश नं १ ले सुदूरपश्चिम प्रदेशलाई नौ विकेटले पराजित गरेको छ। एपिएफले लुम्बिनी प्रदेशलाई ३८ रनले पराजित गरेको छ। सुदूरपश्चिम प्रदेशले दिएको ८६ रनको विजयी लक्ष्य प्रदेश नं १ ले एक विकेट क्षतिमा भेट्टायो।

प्रदेश नं १ ले १६ दशमलव पाँच ओभरमा विजयी लक्ष्य पूरा गरेको हो।

सुदूरपश्चिमले टस जितेर पहिले ब्याटिङ गर्दै निर्धारित ओभरमा सात विकेट गुमाउँदै ८५ रन मात्रै बनाउन सकेको थियो। सुदूरपश्चिमका लागि सम्झना खड्काले सर्वाधिक २७, कप्तान रीतु कनौजियाले २५ र डल्ली भट्टले १२ रन बनाए।

प्रदेश नं १ का लागि कप्तान रुविना क्षेत्री, अलिशा खाडिया, सङ्गीता राई र ज्योति दनुवारले समान एक/एक विकेट लिए।

खेलमा प्रदेश नं १ की कप्तान रूविना 'प्लेयर अफ दी म्याच' घोषित भइन्।

दोस्रो खेलमा विभागीय टीम एपिएफले लुम्बिनी प्रदेशलाई ३८ रनले पराजित गर्दै उपाधि नजीक पुगेको हो। टस जितेर पहिले ब्याटिङ गर्दै एपिएफले २० ओभरमा तीन विकेट क्षति बेहोर्दै १२९ रन बनायो। एपिएफका लागि रोमा थापाले अविजित ४२ रनको पारी खेलिन्। त्यस्तै, ममता चौधरीले २७, सीता रानामगरले १८, राजमती ऐरीले १४ र ज्योति पाण्डेयले ११ रन थपिन्। लुम्बिनीका लागि मधु डिसी, नेरी थापा र कृतिका मरासैनीले समान एक/एक विकेट लिए।

१३० रनको विजयी लक्ष्य पछ्याएको लुम्बिनी प्रदेशले निर्धारित ओभरमा पाँच विकेट क्षतिमा ९१ रन मात्र जोड्न सक्यो।

लुम्बिनीका लागि नेरी थापाले अविजित ३८ रन बनाइन्। नीतु भण्डारीले १८ रन जोडिन्। एपिएफका लागि रेखा रावलले तीन विकेट लिइन्। सीता रानामगरको नाममा एक विकेट रह्यो। खेलमा एपिएफकी रोमा थापा 'प्लेयर अफ दी म्याच' घोषित भइन्। नेपाल क्रिकेट सङ्घ र सुदूरपश्चिम प्रादेशिक क्रिकेट सङ्घद्वारा संयुक्तरूपमा आयोजित प्रतियोगिताको फाइनल प्रतिस्पर्धा आइतवार हुने आयोजकले जनाएको छ।

# एमालेको शपथ ग्रहण

प्रस, जीतपुर, १० पुस/

नेकपा एमाले जीतपुरसिमरा उपमहानगरपालिका–३ वडा कमिटीका पदाधिकारी तथा सदस्यहरूको शपथ ग्रहण कार्यक्रम शनिवार सम्पन्न भएको छ। एमाले बाराका अध्यक्ष एवं प्रमुख अतिथि देवनारायण चौधरीले नवनिर्वाचित वडा कमिटीका पदाधिकारी, सदस्यहरूलाई शपथ गराएका थिए।

कार्यक्रममा राष्ट्रिय प्रतिनिधि परिषद् सदस्य मनोज पौडेल, जिल्ला कमिटी सदस्य तारा कार्की, अमृतलाल श्रेष्ठ, वीरेन्द्र गिरी, शङ्कर तामाङ, शोभा खतिवडालगायतले नवनिर्वाचित वडा कमिटीका पदाधिकारी सदस्यहरूलाई बधाई ज्ञापन गरेका थिए। कार्यक्रममा जिल्ला सदस्यहरू जयकिशोर चौधरी, कपूरराज पुरी, शर्मिला तामाङ, राजुराज गिरीलगायतको सहभागिता थियो। कार्यक्रम वडाध्यक्ष शुक्र श्रेष्ठको अध्यक्षतामा भएको थियो।

तस्वीरः सौजन्य




# पर्सागढीमा क्रिसमस डे मनाइयो

प्रस, पर्सागढी, १० पुस/

पर्सागढी नगरपालिका–४ स्थित आशाको किरण चर्चमा धूमधामका साथ क्रिसमस डे मनाइएको छ।

संस्थाका अध्यक्ष जोन पहरीको अध्यक्षतामा भएको कार्यक्रममा वडा नं ३ का ज्येष्ठ नागरिक शेषकुमारी पाठक, ठूली माया घिसिङ, चन्द्रीमाया पहरी, आइते पहरीलगायतलाई दोसल्ला ओढाएर सम्मानित गरिएको थियो।

कार्यक्रममा वडासदस्य अरुणप्रसाद रेग्मी, रवि ढिङ्ढुङ्ग, सिर्जना कुमारी, जनता मावि पकडिया बढनिहारका लेखा प्रमुख शिवनारायण चौधरीलगायतको सहभागिता थियो। कार्यक्रममा शर्मिला माया पहरीले स्वागत गरेकी थिइन्।

तस्वीरः प्रतीक




# ठोरीमा निश्शुल्क आँखा शिविर

प्रस, ठोरी, १० पुस/

ठोरी गाउँपालिका–४, घ्याङडाँडामा आँखा शिविर सम्पन्न भएको छ। समुदाय–प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत इलाका प्रहरी कार्यालय, ठोरीको आयोजना तथा वीरगंज आँखा उपचार



शिविरमा चेकजाँज गर्दै चिकित्सक र उपस्थित स्थानीय। तस्वीरः प्रतीक

केन्द्र र ठोरी गापाको समन्वयमा निश्शुल्क आँखा शिविर सम्पन्न भएको हो। शिविरमा १२३ जनाले आँखाको परीक्षण गराएका थिए।

५९ जना पुरुष र ६४ जना महिलाले आँखाको परीक्षण गराएको इलाका प्रहरी कार्यालय, ठोरीका प्रहरी निरीक्षक ब्रह्मदेव साहले बताए।

शिविरमा मोतीबिन्दुको समस्या भएका बिरामीलाई निश्शुल्क शल्यक्रिया गरिने प्रनि साहले बताए।

# दुई स्थानबाट सत्तरी किलो गाँजा बरामद

प्रस, सिराहा, १० पुस/

सशस्त्र प्रहरीले दुई स्थानबाट ७० किलोग्राम गाँजा बरामद गरेको छ। सिराहाको औरही गाउँपालिका–१ स्थित सीमा क्षेत्रबाट शनिवार ३० किलो गाँजा बरामद भएको छ। त्यसैगरी, सप्तरीको हनुमाननगर कङ्कालिनी नगरपालिका वडा नं ११ बाट शुक्रवार ४० किलो गाँजा बरामद भएको छ।

सिराहाबाट बरामद ३० किलो गाँजा तस्कर समूहले भारत लैजाँदै गर्दा सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोस्ट बरियारपट्टिले बरामद गरेको हो। प्रहरी टोलीसँग जम्काभेट भएपछि तस्कर समूह गाँजा छाडेर फरार भएको थियो।

उता सप्तरीमा परालको कुन्यूबाट गाँजा बरामद भएको प्रहरीले जनाएको छ। सुराकीको आधारमा सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोस्ट बरसाइनले कारबाई गर्दा बरामद भएको जनाएको छ।


ज्येष्ठ नागरिकको सम्मान गरौं, सभ्यताको परिचय दिऔं।

- ज्येष्ठ नागरिकलाई दया होइन, सम्मान गरौं।
- ज्येष्ठ नागरिकसँग भएको ज्ञान, सीप र क्षमताको उपयोग गरौं।
- घर तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकमैत्री वातावरण निर्माण गरौं।
- सभ्यताको परिचय दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड